**जहाँ केटीलाई तानेर विवाह गर्दा पनि अपराध मानिँदैन**
भोजराज भाट

केटीलाई केटा मन परोस्/नपरोस् त्यसमा कुनै चिन्ता छैन । बरु आफ्नो इष्टकी छोरीलाई कसैले मन परायो भन्यो, उसलाई मेलापात, रामरमिता वा कुनै ठाउँबाट जबर्जस्ती तानेर विवाह गर्दा कुनै अपराध मानिँदैन । बरु इष्टकी छोरीलाई तानेरै भए पनि विवाह गर्नु पाउनु उसको हकअधिकारको कुरा आउँछ । यस्तो चलन सुदूरपश्चिमका पहाडी जिल्ला अछाम, डोटी, बझाङ, बाजुरामा अद्यावधि पाइने गरेको छ ।

आजभन्दा तीन वर्षअगाडि मंगलसेन निवासी प्रेम तमटाले आफ्नी गाउँकी सुनार थर भएकी केटी रमितालाई तानेर नै विवाह गरे । तानेर ल्याइसकेपछि समाजले नै फलानाले तान्यो भनेर हल्ला फैलाएपछि केटी पनि उसैको पोइल बस्न बाध्य भइन् । त्यस्तै मंगलसेन भाटबाडा घर भएका सहदेव भाटले आफ्नै इष्टमित्रकी छोरीलाई मेला गएको बेला तानेरै विवाह गर्दा केही दिनसम्म त घरबार भयो । तर आपसी वैमनस्यता र फरक मतभेदका कारण चन्द्रमाया भाट (नाम फेरिएका) ले अर्को ठाउँमा विवाह गर्न पुगिन् ।

केटाले केटीलाई तान्यो भनेर एकचोटि गाउँघरमा हल्ला मच्चिएपछि केटीले समाजको अगाडि बाध्य भएर बस्नुपर्ने स्थिति आउँछ । उसले केटालाई मन पराओस्/नपराओस्, त्यसमा केही सरोकार हुँदैन । समाजले नै उक्त केटीलाई इष्टमित्रले त तान्यो ठीकै छ नि भनेर सहमति दिने गर्दा उसले आफ् इच्छाविपरीत पनि त्यसै घरमा जिन्दगी कटाउनुपर्ने बाध्यता आउँछ ।

आज फलाना ठाउँमा मेला छ, त्यहीं फलानीकी छोरीलाई तान्नुपर्छ भनेर एक समूहले सल्लाह गरेपछि त्यही जात्रामा अनुकूल परेको बेला उसको हात समातेर जबर्जस्ती तानेर घर पुर्‍याउँछन् । तान्दाखेरि केटी निकै कराउँछे, रुन्छे, तान्ने मान्छेलाई नंगले चिथोर्छे । तर उसको वेदना कसैले पनि सुन्दैन । बरु भोलिपल्ट घरको कुनामा फलानाले तोनेकी केटी भनेर समाज नै हेर्न आउँछन् । समाजले नै उसलाई तँ अब ताकेकी केटी भइहासिल् जहाँ गए पनि एक ठाउँमा जानुपर्ने त हो, यहीं बस भनेर सम्झाउने गर्छ । कहिलेकाहीं केटी पक्षका बाबुआमाहरूले केही दिन विरोध जनाए पनि पछि उनीहरू पनि त्यहीं नै छोरीको घरजम गराउने सहमति गर्छन् ।

प्रायः स्थानीय जात्रा, रामरमितामा केटीलाई नजिकबाट चिन्ने एउटा कुरौटेको सहायतामा तान्ने मान्छेहरू आफूले चाहेकी केटी तान्ने गर्छन् । आफ्ना इष्टमित्रकी छोरीलाई घरमा मागेर दिएन भने पनि तानेरै विवाह गर्ने गर्छन् । गत होलीको समयमा मंगलसेन घर भएका दानबहादुर धामीले ठकुल्ला घर भएकी केटीलाई जबर्जस्ती तानेर घरमा ल्याउँदा केटीको दाइले व्यापक विरोध गरेपछि विवाह हुन पाएन । तर एकचोटि तानिसकेपछि प्रायः बाध्य भएर नै त्यही घरमा बस्नुपर्ने हुन्छ ।

एक जात्रामा दुई-तीन दिनभित्र दुई दर्जनभन्दा बढी केटीको तानेरै विवाह हुनुमा पनि स्थानीय मानिसहरू कुनै आश्चर्य मान्दैनन् । न त तानेर ल्याइएको विवाहमा कुनै विरोध नै जनाउँछन् । स्थानीय बुद्धिजीवीहरूसमेत यसमा कुनै प्रतिक्रिया जनाउँदैनन् बरु सहमतिमा जानेतर्फ जोड दिन्छन् । कहिलेकाहीं केटाले केटी मन पर्‍यो तर केटीलाई मन परेको छैन भने केटीको घरबाट मौखिक सहमति लिएर नै केटीलाई तान्ने गरेको स्थानीय बासिन्दाहरू बताउँछन् । त्यस्तै केटाकेटीको मन मिल्यो भने घरबाट विवाहको लागि सहमित नदिंदा 'तँ तानेजस्तै गरे म आइहाल्छु' भन्ने आपसी मिलेमतोसमेत हुने गरेको गाउँलेहरू बताउँछन् । तर यसबारेमा सम्बन्धित केटीलाई सोध्यो भने केही पनि बताउँदैनन् । केही भन्यो भने समाजले अर्कै अर्थ लगाउने हो कि भन्ने उनलाई अर्को डर हुन्छ ।

कानुनी हिसाबले हेर्दा केटीको इच्छाविपरीत जबर्जस्ती तानेरै लैजाने घटनालाई मुलुकी ऐन, २०३० को जबर्जस्ती करणीअन्तर्गत दोषीलाई कारबाही गर्न सकिने कुरा अधिवक्ता गंगाकुमार खतिवडा बताउनुहुन्छ । १४ वर्ष उमेरभन्दा कम उमेरका केटीलाई बजर्जस्ती करणी गर्न खोजेमा सोही ऐनअन्तर्गत ६ वर्षदेखि १० वर्षसम्म कैद र १४ वर्षभन्दामाथि उमेरकीलाई जबर्जस्ती करणी गर्न खोजेमा ३ देखि ५ वर्ष कैद हुनसक्ने कुरा अधिवक्ता खतिवडा बताउनुहुन्छ । केटीको स्वेच्छाको विवाहबाहेक जबर्जस्ती विवाह गर्ने/गराउनेलाई मुलुकी ऐन विवाहवारी महलको ७ नम्बरले बढीमा २ वर्ष कैद सजाय हुने व्यवस्था छ । तर यसबमोजिमको कारबाही हुन सम्बन्धित पीडित पक्षले नजिकैको प्रहरी कार्यालयमा उजुरी गर्नुपर्ने र केटीले चाहृयो भने क्षतिपूर्तिस्वरूप लोग्नेको आधा अंश पाउन सकिने कुरा अधिवक्ता खतिवडा जानकारी दिनुहुन्छ ।

तर जिल्ला प्रहरी कार्यालय अछामको मुद्दा फाँटका प्रहरी सहायक निरीक्षक चेतराज पनेरू हालसम्म तानी विवाहको बारेमा कसैले पनि मुद्दा दायर नगरेको जानकारी दिनुहुन्छ । जिल्ला प्रशासन शाखा, अछामका प्रमुख जिल्ला अधिकारी मोहनसिंह खत्री कसैले इच्छाविपरीत तानेर विवाह गर्‍यो भनी उजुरी नै नदिए कारबाही गर्न नसकिने धारणा व्यक्त गर्नुहुन्छ । सामाजिक परम्परातअनुरूप नै सामान्य खालका मुद्दा गाउँघरमै मिलाउने भएको र यस्ता खालका विकृति सामाजिक तवरबाटै अन्त्य गर्नेतर्फ जोड दिइनुपर्ने प्रजिअ खत्री बताउनुहुन्छ ।

**महिलामाथिको यातनाको भयावह स्थिति**
विष्णु घिमिरे

कलकत्तामा स्थानीय ४० वर्षे एकजना मानिसले एउटा पनि छोरा नजन्मिएको कारण आफ्नी पत्नी र पाँचवटी छोरीहरूको हत्या गरे । एएफपीका अनुसार विरेस पोदार नाम गरेको उक्त मानिसले आफ्नी ३३ वर्षे श्रीमती रीता र तीन वर्षदेखि १३ वर्षसम्मका आफ्ना छोरीहरूको आफ्नै घरमा हत्या गरेका हुन् ।

मोरङ जिल्लाको बुधनगर गाउँ विकास समिति वडा नं. ४ मा पनि महिलामाथि यस्तै अमानवीय घटना घटेको छ । भारतको टिकुवली घर भई मोरङ बुधनगर माइत आएकी श्रीमतीलाई लिन आएका विजय शाहले दिउँसो अरू मान्छे टीभीमा सिनेमा हेरिहेका बेला श्रीमतीसँग यौनसम्पर्कको प्रयास गर्दा सीताले अस्वीकार गरेपछि उत्तेजक भएका विजयले खुकुरी निकाली श्रीमती सीतासहित ससुरा लक्ष्मण शाह र सालो शिवराज शाहलाई काटेका छन् ।

भारत र नेपालमा घटेका यी दुई घटनाहरूले दुबै देशका महिलाहरूमाथि हुने गरेका अन्याय र अत्याचार एवं महिलाहरूको दयनीय स्थितिका बारेमा छर्लङ्ग पारेको छ । पाँचवटी छोरी मात्रै पाउनु र छोरा नै नपाउने रहर रीताको पनि पक्कै होइन । उनलाई पनि पाँचवटी छोरीको बीचमा एउटा छोरा भइदिएको भए हुन्थ्यो भन्ने चाहना पक्कै थियो । छोरा नपाउनुमा श्रीमतीको होइन मेरो दोष छ भन्ने कुरा विरेस पोदारले बुझ्न सकेनन् र आफ्नै जीवनसंगिनी एवं आफैले जन्माएका छोरीहरूको हत्या गरे । यो घटनाले जोसुकैको मन पनि सिरिङ्ग हुने गर्छ । त्यसैगरी बेला न कुबेला आफूले भनेको समयमा यौनसम्पर्क गर्न नपाउँदा आफ्नै श्रीमतीलाई खुकुरी प्रहार गर्ने घटनाले हाम्रो समाजमा पुरुषले महिलालाई हेर्ने दृष्टिकोणका बारेमा बुझ्न सकिन्छ । पुरुषले महिलालाई एउटा दास र भोग्याको रूपमा मात्रै हेर्ने सोचाइमा परिवर्तन नआएको कुरालाई यही घटनाले पुष्टि गर्दछ ।

दक्षिण एशियाका मुलुकहरूमा कुनै न कुनै रूपमा महिलाहरूमाथि यस्तै अनेकौं प्रकारका शोषणहरू हुने गरेका छन् । पुरुषप्रधान समाज, महिलालाई दास ठान्ने सोचाइ र सामाजिक असमानताका कारण नै महिलाहरूमाथि यस्ता प्रकारका घटनाहरू घटेको कुरा केन्द्रीय प्रहरी महिला सेलका प्रहरी निरीक्षक गीता उप्रेती बताउनुहुन्छ । उप्रेती भन्नुहुन्छ– अशिक्षित परिवारमा मात्रै होइन, सम्पन्न र शिक्षित परिवारमा समेत महिलाहरूमाथि अनेकौं अमानवीय र दर्दनाक घटनाहरू हुने गरेका छन् । केवल फरक यत्ति हो कि सम्पन्न र शिक्षित परिवारभित्रका कुराहरू बाहिर आउँदैनन् ।

अविवाहित युवतीहरूलाई मात्रै होइन, विवाहित महिलाहरूमाथि समेत दानवीय प्रवृत्तिका नरपिचासहरू आफ्नो यौन सन्तुष्टि पूरा गर्ने साधन सम्झन्छन् । केन्द्रीय प्रहरी महिला सेलका अनुसार सिन्धुपाल्चोक जिल्लाको दुवाचौर गाउँ विकास समिति-६ राम्चे गाउँका प्रकाश गिरीकी श्रीमती शोभा गिरीलाई (नाम परिवर्तन गरिएको) सोही जिल्लाको क्युल गाविस ५ भीरखर्क बस्ने पाँचजनाले अपहरण गरी २४ दिनसम्म जबर्जस्ती श्रीमती बनाई राखेकोमा पछि उनी भाग्न सफल भइन् । जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका प्रहरी नायव उपरीक्षक रवि श्रेष्ठका अनुसार अपहरण गर्नेहरू गोपी ज्योति, ध्रुव ज्योति, कृष्ण ज्योति, जुल्फे ज्योति र काजी ज्योति हुन । निजीहरूले बारीमा शोभासँग कोदो टिप्दै रहेकी ५५ वर्षीया हजुरआमालाई खुकुरी प्रहार गरी घाइते बनाई अपहरण गरी २४ दिनसम्म श्रीमती बनाएका थिए । अपहरणको बेलामा उनीमाथि जबर्जस्ती करणी मात्रै होइन उनीसँग भएका तिलहरी, कुन्डल, ढुङ्ग्रीसमेत लुटियो । अपहरण भएको २४ औं दिनमा धारामा पानी लिन जाने निहुँमा उनी भागेकी थिइन् । पारिवारिक सूत्रका अनुसार अभियुक्तहरूमध्ये प्रहरीले गोपी ज्योतिलाई मात्र पक्राउ गरेको छ । अरू फरार छन् । एउटी विवाहित महिलामाथिसमेत आफ्नै गाउँठाउँमा यस्ता अप्रिय घटना घटेपछि छोरीचेली मात्रै होइन, श्रीमतीहरूलाई एक्लै कतै पठाउनसमेत गाह्रो भएको उनका काका बताउँछन् । मान्छेभित्र मानवीयता भावना हटेर दानवीय प्रवृत्तिले बास पाएपछि यस्तै घटना घट्छन् ।

महिलाहरूलाई केवल भोग्याको रूपमा मात्रै हेर्ने हाम्रो पुरुषप्रधान समाजमा महिलामाथि अझै कतिसम्म अमानवीय व्यवहार र कार्य हुन्छ भन्ने कुरा सिन्धुलीमा घटेको घटनाले पुष्टि गरेको छ । झमक थापा भन्नेले आफ्नै गाउँकी खगी थरकी युवतीलाई यस्तै अमानवीय व्यवहार गरेको छ । पीडित युवती खगी भन्छिन्– विवाह गर्ने वाचा गरेर उसले ६ महिना अगाडिदेखि लगातार मसँग यौनसम्पर्क राख्दै आयो । म गर्भवती भएको जानकारी गराएपछि उसले मेरो हत्या गर्ने प्रयास गर्‍यो । मेरो दिन आइनपुगेकाले बाँच्न सफल भएँ । जनकपुर अञ्चल अस्पतालमा उपचार गराएर फर्केकी खगीका अनुसार गत कात्तिक २८ गते झमकले घाँटीमा खुकुरी प्रहार गरेको र बेहोस भएपछि करिब सय फिट अग्लो पहराबाट खसालिदिएको थियो । पीडित युवती खगी भन्छिन्– म गर्भवती भएको जानकारी गराउँदा ऊ प्रहरीमा छनौट भएको थियो । मलाई नौ बजे राती पहरा नजिक बोलायो र माया गर्दै कपाल सुमसुम्याउन थाल्यो । त्यही बेला मुख बन्द गरी घाँटीमा खुकुरी प्रहार गर्‍यो ।

झमक थापा प्रहरी सेवामा प्रवेश गरिसकेको छ तर ऊ कहाँ छ उनलाई थाहा छैन र उनीभित्र रहेको गर्भसमेत यातनाका कारण तुहिएको छ । तैपनि उनी झमकलाई कारबाही गराउने सुरमै छिन् । यतिले मात्रै नपुगेर यौनपिपासुहरूले विद्यालयमा

पढेर फर्कँदै गरेकी बालिकालाई पनि बाँकी छोडेनन् । इलाम जिल्लाको इलाम नगरपालिका ४ बस्ने नेम्वाङ थरकी एक बालिकालाई स्कुलबाट घर फर्कँदै गरेको अवस्थामा खार भन्ने खोल्सीमा लगी सोही ठाउँको अर्जुनकुमार अधिकारीले बलात्कार गरेको र अभियुक्त पक्राउ परेको छ । त्यसैगरी झापा दुवागढी गाविस ४ चारआली बस्ने काजी आचार्यले धाइजन गाविस १ बस्ने मेचे थरकी एक १५ वर्षे युवतीलाई श्रीमती बनाउँछु भनी बलात्कार गरी फरार भएकोमा पछि पक्राउ गरिएको कुरा जिल्ला प्रहरी कार्यालय झापाले जानकारी दिएको छ । सो कार्यालयका प्रहरी उपरीक्षक मनोज शाह भन्छन्– स्त्री जातिमा कसैले केही आश्वासन दिँदैमा फकिइहाल्ने र छिट्टै विश्वास गर्ने बानीले गर्दा पनि अवसरवादी पुरुषहरूले फाइदा उठाइरहेका छन् ।

आफैले जन्माएका छोरीलाई बलात्कार गर्ने बाबुहरू पनि हाम्रो समाजमा देखिनथालेका छन् । जिल्ला प्रहरी कार्यालय दाङका अनुसार त्रिभुवन नगरपालिका ७ बस्ने चौधरी थरकी आफ्नै छोरीलाई नमालुमले बलात्कार गरे । मादक पदार्थ खाएर आएका बाबु नमालुमले श्रीमतीलाई कुटपिट गरी घरबाहिर निकाली ढोका लगाई छोरीलाई बलात्कार गरेका थिए । प्रहरीले अपराधी बाबुलाई पक्राउ गरी कारबाही गरेको छ ।

महिलाहरूमाथि हुने गरेका यस्ता क्रियाकलापले महिलाहरू अति नै असुरक्षित भएको र राज्यले सुरक्षा दिन नसकेको कुरा प्राध्यापक शान्ति मास्के बताउनुहुन्छ । राजनीतिक संरक्षणका कारण अपराधीहरू छुट्ने गर्नाले पनि अपराधीहरूको मनोबल बढ्ने गरेको मास्के बताउनुहुन्छ ।

**पेन्सन सुविधामा पनि ठगिएका महिलाहरू**
सुदर्शन रिजाल

श्रीमान् इन्द्रमान पुनको आगमनको प्रतीक्षा गरेर बसिरहेकी तकसेरा रुकुमकी (हाल दाङ) बिनाकुमारी पुनलाई २०४६ असार २८ गते एक्कासि इन्द्रमानले कार्गिल युद्धमा वीरगति प्राप्त गरेको खबर मात्र आयो । घटनाको स्मरण गर्दै विना भन्छिन्– "त्यसपछि के भने म कसरी बताऊँ....।" धेरैबेरपछि सम्हालिएर बिनाले आफ्नो सानो छोरालाई देखाउँदै थपिन् "त्यो बेला यो बाबु ३ महिनाको गर्भमा थियो, सासू-ससुरा जेठाजु-बाबुहरू कोही नभएको बेला मेरो हालत के भयो होला ।

छिमेकी र आफन्तहरूको माया तथा भारत सरकारले दिएको आर्थिक सहायता विनाकुमारीको बाँच्ने आधार भएको छ । तथापि छिमेकी लाहुरेहरू विदेशबाट फर्कंदा छोराछोरीले हाम्रो बाबा कहिले फर्कने भनेर सोद्धा दिने जवाफ नहुँदा मन पोलेर आउने गरेको बिना बताउँछिन् ।

२०५६ असार महिनामा बिनाको मात्र होइन रोल्पा जंकोट (हाल दाङ) की सुकमति पुनको पनि सिन्दूर पुछियो । भारतीय सैनिक सेवामा काम गरेर २० वर्ष गुजारिसकेका सुकमतिका श्रीमान् मनाङ पुनको पनि भारत सरकारको इमानदार सिपाही बनेर शत्रुसँग लड्ने क्रममा कार्गिल युद्धमै ज्यान गयो । श्रीमान् पेन्सनमा निस्केर आएपछि हालसम्मका दुःख बिर्सेर सुखी जीवन बिताउने सुकमतिको चाहना श्रीमान्को मृत्युसँगै खरानी भयो । श्रीमान् गुमाउनुपरे पनि सबैबाट पाएको सम्मान, भारत सरकारले गरेको आर्थिक सहायता र परिवारका अन्य सदस्यबाट पाएको माया उनको बाँच्ने आधार भएको छ । तथापि श्रीमान् र पैसाको तुलना हुनै नसक्ने बताउँदै सुकमति भन्छिन्– मेरो श्रीमान्ले अर्काको देशलाई बचाउन ज्यान नै दिए भने भारत सरकारले मलाई बाँच्ने बाटो त दिनैपर्छ । उनको प्रतिप्रश्न छ– पुछिएको सिन्दूरको क्षतिपूर्ति पैसाबाट कहाँ मिल्छ र ?

पेन्सन वितरणका क्रममा दाङ आउनुभएका जिल्ला सैनिक बोर्ड पेन्सन वितरण क्याम्प चौघेरा दाङका अफिस इन्चार्ज भारतीय राजदूतावासका मेजर एनएस चौहान कार्गिल युद्धमा नेपालका १५ सैनिकले वीरगत प्राप्त गरेको बताउनुहुन्छ । यसरी वीरगति प्राप्त गर्ने सैनिकहरूका विधवा श्रीमतीहरूलाई डबल पेन्सनको व्यवस्था तथा घर बनाउन र छोराछोरीको शिक्षादीक्षाका लागि एकमुष्ट रूपमा झण्डै ४२ लाख रुपैयाँ प्रतिविधवालाई उपलब्ध गराएको मेजर चौहान बताउनुहुन्छ । तर बिनाकुमारी पुनको भनाइअनुसार उनले क्षतिपूर्तिवापत झण्डै २० लाख रुपैयाँबाहेक थप एक पैसा पनि पाएकी छैनन् । छोराछोरीले शिक्षाका लागि पाउने मासिक शुल्कसमेत नपाएको बताउँदै बिना भन्छिन्– म अनपढ मान्छे केही जान्दिन । जिल्लामा सम्पर्क गर्ने ठाउँ पनि छैन । ६-६ महिनामा आउँछन् । जति पेन्सन दिन्छन्, त्यही पाएकी छु । घर बनाउका लागि नक्सा बनाउन लगाए दशहजार खर्च भयो । त्यो पनि त्यस्तै छ । छोराछोरीले स्कुलमा पढिरहेको सिफारिस पनि पठाएको हो । पैसा पाएको छैन के गर्छन् के गर्छन् । आफ्नो भन्ने कोही नभएपछि यस्तै हुँदोरहेछ ।

सल्यान वडागाउँकी पर्शुराम पुनकी श्रीमती सेती पुनले श्रीमान् बितेको १ वर्षसम्म त पेन्सन नै पाइनन् । पुन भन्छिन्– आफू केही नजान्ने भएकोले गत वर्षदेखि मात्र पेन्सन पाउन थालेकी छु ।

भारतीय सैनिकमा काम गर्दा बिना र सुकमतिको सिन्दूर पुछिएको मात्र होइन, बाँचेरै आएका सैनिकको पीडा पनि दर्दनाक छ । आफूले गरेको दुःखकष्टलाई सीमित रुपैयाँको पेन्सनमा बिर्सनुपर्ने बाध्यता भूतपूर्व सैनिकहरूको छ ।

त्रिभुवन नगरपालिका मिलनचोक निवासी गोदबहादुर घर्ती २८ वर्ष सैनिक सेवामा काम गरेको अनुभव सुनाउँदै भन्छन्– सन् १९६५ मा चीन, १९७१ मा बंगलादेश र १९८७ मा श्रीलंकामा गएर लड्दा मैले आफूलाई मान्छेजस्तै अनुभव गर्न पाइनँ । चारैतिरबाट गोलाबारुदको आवाज, मान्छेले मान्छेलाई मार्नुपर्ने स्थिति आदि आदि.... उनी जस्तो परिस्थिति आओस् आफ्ना सन्तानले नेपालमै काम गरून् भन्ने चाहन्छन् । नेपालमै रोजीरोटीको अवसर नपाउँदा आफ्नो जन्मभूमि छाडेर अर्काको भूमिमा गएर लड्ने जागिरकै लागि पनि ओइरो नै लाग्छ । कतिले प्राण गुमाउँछन् । कति अपाङ्ग बनेर फर्कन्छन् । तथापि भारत सरकारले तोकेको निश्चित रकम स्वीकार्दै विगतका पीडाहरू भुल्न खोज्नु भूतपूर्व सैनिक र तिनका परिवारहरूको बाध्यता बनेको छ ।

पेन्सन क्याम्प अफिस इन्चार्ज मेजर एन.एस. चौहानका अनुसार दाङ क्याम्पबाट झण्डै १३ सय विधवा महिलासमेत गरी ६ हजार पेन्सनरलाई भारत सरकारले प्रतिवर्ष १८ करोड रुपैयाँ खर्च गर्दै आइरहेको छ । चौहान नेपाल अधिराज्यभरका झण्डै १ लाख २० हजार नेपालीका लागि भारत सरकारले प्रतिवर्ष १३ वटा पेन्सन क्याम्पमार्फत् ४ अरब नेपाली रुपैयाँ खर्च गरिरहेको बताउनुहुन्छ ।

**आफन्तबाटै असुरक्षित छन् बालबालिकाहरू**
तिलक पाठक

कैलाली जिल्लाको गेटा गाउँ विकास समिति– ३ स्थित मुक्त कमैया शिविरको एक टहरामा बसोबास गर्दै आएका ४० वर्षीय हीरालाल डगौराले ०५७ सालको अन्तिम रात आफ्नै छोरी फूलमति डगौरालाई बलात्कार गरे । १२ वर्षीया अवोध बालिका फूलमतिले आफ्नै बाबुबाट त्यस्तो निच कार्य हुन्छ भन्ने कल्पनासम्म पनि गरेकी थिइनन् । केही वर्षअघि श्रीमती पोइल गएपछि बाबुछोरी बस्दै आएकोमा त्यो रात जाँडको नसामा मातेर डगौराले आफ्नै छोरीलाई बलात्कार गरेका थिए । जीवनको सहारा तथा संरक्षक बाबुले नै बलात्कार गरेपछि हाल फूलमति एक गैरसरकारी संस्थामा आश्रय लिन बाध्य छिन् भने उनका बाबु आडनाता करणीको मुद्दामा थुनामा छन् ।

वैशाख ७ गते तम्घासबाट उत्तर १० कोस टाढा अर्लाङकोट गाविस-१ निवासी न्यू साइन स्टार इङ्गलिस बोर्डिङ स्कुल लामाखेतका २२ वर्षीय शिक्षक पीताम्बर खरेलले आफ्नै स्कुलमा कक्षा एकमा अध्ययनरत १० वर्षीया छात्रा नम्रता (नाम परिवर्तन) लाई बलात्कार गरेको अभियोगमा जिल्ला प्रहरी कार्यालयले पक्राउ गर्‍यो । नम्रताकी आमाले दोस्रो विवाह गरेपछि उनका बाबुले उनलाई स्कुलमा नै बोर्डर्स राखिदिएका थिए । अभियुक्त खरेलले नम्रतालाई होस्टलमा नै अनुचित कार्य गर्ने गरेको रहस्य पत्ता लागेपछि प्रहरीले पक्राउ गरेको हो ।

यही वैशाख महिनाको शुरुमा नै पोखरा उपमहानगरपालिका-७ छरिपाटन हनुमान टोल बस्ने १९ वर्षीय राजेन्द्र ढकालले सोही टोलकी १० वर्षीया बालिकालाई ललाइफकाइ बलात्कार गरेको समाचार प्रकाशमा आएको थियो । निज अभियुक्त ढकालले बालिकाको घरमा नै कोही नभएको बखत ललाइफकाइ बलात्कार गरेको कुरा पीडित पक्षले जाहेर गरेको उजुरपत्रमा उल्लेख गरिएको थियो । त्यसो त गत साल भदौमा राजधानीकै बसुन्धरा पब्लिक बोर्डिङ्ग स्कुलका प्रिन्सिपल श्री उप्रेतीले कक्षा २ मा अध्ययन गर्ने नौ वर्षीया बालिकालाई बलात्कार गरेको घटनाको रहस्य खुलेको थियो । बालिका विद्यालय जान नमानेपछि सोधखोजपश्चात् प्रिन्सिपलले धेरैपटकसम्म बालिकालाई बलात्कार गरेको घटनाको रहस्योद्घाटन भएको थियो ।

यसरी नेपालमा बालिकाहरूमाथि हुने यौनदुराचारको समस्या नातागोता, आफन्त र कुटुम्बहरूबाट नै बढेको छ । बालबालिकामाथि हुने यस्ता कतिपय घटनाहरू बाहिर आए पनि त्यस्ता थुप्रै घटनाहरू बाहिर आएका छैनन् जुन संख्या कहालीलाग्दो रूपमा बढेको छ । बालबालिकाहरूलाई संरक्षण दिने अभिभावकहरू (बाबु, शिक्षकहरू) बाट नै असुरक्षित भएका कारण समस्या जटिल र कहालीलाग्दो हुन पुगेको हो ।

यौनदुराचारमा संलग्न यस्ता अपराधीहरूलाई कडा सजाय दिनुपर्ने आवाज उठिरहेको छ । तर स्पष्ट कानुनको अभावले यस्ता अपराधीहरू नै समाजलिडर भएर अघि बढेका छन् । त्यस्तै कतिपय घटनाहरूलाई पैसा र शक्तिको भरमा नै गुपचुप राख्ने गरिएको छ । जे होस्, अपराधीले कडा सजाय पाउनुको सट्टा स्पष्ट र कडा कानुनको अभावमा प्रोत्साहन र संरक्षण पाउने गरेका छन् । गैरसरकारी संस्थाहरूले तयार पारेको प्रतिवेदनअनुसार ७० प्रतिशत यौनदुराचारका घटनाहरू आफन्तबाट नै हुने गरेका छन् भने २५ प्रतिशत बालबालिकाहरू यौनदुराचारको शिकार भइरहेका छन् । उक्त संख्या बढ्दो क्रममा भएको कुरा पनि प्रतिवेदनहरूले औंल्याएका छन् । यद्यपि समस्या समाधानको उपायतिर कदम अघि बढाएको पाइँदैन ।

आफूले संरक्षण प्राप्त गर्ने व्यक्तिहरूबाट नै कलिलो उमेरमा घृणित कार्यबाट पीडित भएका यस्ता बालबालिकाहरू मानसिक रूपले प्रताडित हुने कुरा चिकित्सकहरू बताउँछन् । सानै उमेरमा बलात्कृत भएका बालिकाहरूमा डिप्रेसन, हिस्टेरियाजस्ता रोगहरू देखापर्ने गर्दछन्– मानसिक रोग विशेषज्ञ डा. महेन्द्र नेपाल बताउनुहुन्छ । उनीहरूमाथि गरिएका घृणित कार्यको छाप बालबालिकाहरूको मस्तिष्कमा अमिट रूपमा पर्ने भएकाले उनीहरूमा सानोतिनो कुरादेखि नै डराउने, कुनै कुरालाई गम्भीरतापूर्वक सोच्न नसक्ने समस्याहरू पनि देखापर्दछन् । सोच्ने शक्तिमा आएको कमीले उनीहरू जुनसुकै कुरामा पनि असफल हुँदै जान्छन् र हीनताबोधकै कारण आफूलाई अकालमा नै मृत्युको मुखमा पुर्‍याउन पनि पछि नपर्ने कुरा मनोचिकित्सकहरू बताउँछन् । सानै उमेरमा बलात्कृत भएका यस्ता बालिकाहरूमा दीर्घकालीन रूपमा मानसिक असन्तुलन देखापर्न सक्छ– डा. नेपालको कथन छ ।

आफूले नै संरक्षण दिनुपर्ने बालबालिकाहरूलाई यौनदुराचार गर्ने अभिभावक तथा शिक्षकहरूलाई कडाभन्दा कडा कारबाही गर्नुपर्ने कुरा शिक्षिका शान्ति न्यौपाने बताउँछिन् । बालबालिकाहरूको संरक्षणको भाषण दिने शिक्षकहरूबाट नै त्यस्तो कुकृत्य हुन्छ भने तिनीहरूलाई कारबाही नगरे कसलाई गर्ने ? उनी प्रश्न गर्छिन् । आजकल (होस्टल) छात्रावासमा राखिएका बालिकाहरूलाई आफ्नै शिक्षकहरूले बलात्कार गर्ने गरेको घटनाहरूले छात्रावासमा बस्ने महिला (छात्रा) विद्यार्थी संख्यामा कमी आउन सक्ने तर्क पनि उनको छ । त्यस्ता अपराधीहरूलाई दण्डसजाय दिन स्पष्ट र कडा कानुनको अभाव रहेको महसुस कानुनी क्षेत्रका व्यक्तिहरू ले पनि गरेका छन् । त्यस्तै पीडित भएका बालबालिकाहरूलाई संरक्षण प्रदान गर्ने संस्थाहरूको अभाव पनि त्यत्तिकै खट्किंदो छ ।

त्यसो त हाल पीडित केटाकेटीहरूलाई संरक्षण प्रदान गरेर पुनर्स्थापना गर्ने प्रयासहरू केही सीमित गैरसरकारी संस्थाहरूबाट नभएका पनि होइनन् । तर, बालबालिकाहरूको हकहितको लागि भनेर खोलिएका अधिकांश गैरसरकारी संस्थाहरूले यस्ता समस्याप्रति त्यति ध्यान दिएको पाइँदैन ।

अर्कोतिर यौनदुराचारका कारण सडकमा नै आइपुग्ने बालिकाहरूको संख्या पनि बढ्दो छ । आफ्नै अभिभावकहरूबाट पीडित भएपछि त्यस्ता बालबालिकाहरूले दरिलो आश्रयस्थान प्राप्त गर्न नसकेर सडकमा आउने गर्दछन् । सडकमा आइसकेका तथा यौनशोषणमा परेका बालिकाहरूलाई पुनर्स्थापित गर्न धेरै गाह्रो हुने कुरा सिविनमा कार्यरत एक अधिकारीले बताए । पीडित बालबालिकाहरूलाई संस्था वा घर जहाँ पुनर्स्थापित गराए पनि अधिकांश भाग्ने गर्दछन्– ती अधिकारीको कथन छ । हाल काठमाडौंमा मात्र तीन दर्जनभन्दा बढी बालबालिका क्षेत्रमा कार्यरत सामाजिक संस्थाहरू र सात दर्जनजति अनाथालयहरू सञ्चालित छन् ।

बालबालिकासम्बन्धी ऐन, २०४८ र नियमावली, २०४९ मा बालबालिकाहरूलाई खराब आचरणमा लगाउन नपाउने कुरा उल्लेख गरिए पनि यौनदुराचारको विषयलाई स्पष्ट शब्दमा किटान गरिएको छैन । तर प्रहरीका अनुसार पीडित व्यक्तिको उमेर र घटनाको प्रकृति हेरेर सजाय तोक्ने गरिन्छ । १४ वर्षमुनिका बालबालिकाहरूलाई करणी गरेमा ६ देखि १० वर्षसम्म जेल सजाय हुने प्रावधान छ । त्यस्तै करणी भएको थाहा पाएर लुकाएर राख्ने व्यक्तिलाई पनि २ वर्षसम्म जेल सजाय गरिने व्यवस्था गरिएको छ । मुलुकी ऐनको जबर्जस्ती करणीको महलमा १६ वर्षभन्दामुनिका बालिकाहरूलाई मन्जुरीले करणी गरेमा पनि बलात्कार वा दुराचार गरिएको ठर्हछ ।

**बन्दीमहिलाहरू जेलबाट छुटेर कहाँ जाने ?**
श्रीधर खनाल

अछामकी पवित्र हमाल पाल्पा कारागारमा बस्न थालेको साढे दुई वर्ष भयो । विवाह गर्नुभन्दा पहिल्यैबाट नोकरी गरेको भए तापनि घरव्यवहार चलाउन सजिलो होला भनी इटहरीमा सानो पसल गरेर बसेकी हमाल जीउ मास्ने/बेच्ने अभियोगमा पक्राउ परेकी हुन् । आफन्तबाट पीडित हमालको मुद्दा अझै फैसला भएको छैन । श्रीमती जेलमा परेपछि उनका श्रीमान् तीनपटक उनलाई भेट्न जेलमै आएपछि घरव्यवहार चलाउन नसकेको कारण देखाई दोस्री श्रीमती भित्र्याए । दोस्रो विवाह गरेपछि हमालका श्रीमान् न त उनलाई भेट्न नै आउन थाले न त छोराछोरीको हेरविचार नै । पाँच वर्षको सानो छोरा आफूसँगै पालेकी हमालले पोहोर साल जेठो छोराको बोर्डिङ फि ४५ हजार तिर्न बाँकी भएको खबर पाए पनि छोराको हालखबर थाहा पाउन सकिनन् । आजकाल छोराको पीर गरेर नै दिन बिताउने हमालका लागि कानुनले जेलको दिवारभित्र कति वर्ष बस्न बाध्य गर्ने हो थाहा छैन र जेलबाट छुटे पनि कहाँ जाने हो भन्ने कुराले पनि निकै उनलाई सताएको छ ।

दाङ घर बताउने हीरा विश्वकर्मा पनि जीउ मास्ने/बेच्ने अभियोगमा जेल परेकी छिन् । पाँच वर्षको बच्चा आफुसँगै पालेकी विश्वकर्मा पनि जेल परेपछि उनका श्रीमान्‌ले अर्की श्रीमती ल्याएको छन् । जेलमा एकपटक पनि भेट्न नआएका श्रीमान्‌को घरमा जेलबाट छुटेपछि जाने कि नजाने भन्ने कुरामा निकै दोधारमा परेकी उनी आफ्नो छोराले कहिलेकाहीं बाबुको बारेमा सोध्दा निकै दुःख लाग्ने गरेको बताउँछिन् । उनको कथन छ– मेरो त गल्ती भयो तर यो नाबालक छोराको के गल्ती थियो र

एकपटक पनि भेट्न आएनन् । अब जेलबाट छुटेपछि उनको घरमा नजाऊँ भने छोराले बाबु खोज्ला जाऊँ भने दुःख परेका बेलामा एकपटक पनि भेट्न नआउनेको मुख हेर्न कसरी जाने ? आफ्नै श्रीमान्ले गर्दा ज्यान मास्ने/बेच्ने अपराधमा साढे दुई वर्ष पहिला जेल परेकी हेमकला गुरुङ्गलाई पनि घरबाट कोही भेट्न आउँदैनन् । उनका श्रीमान् पनि अर्की श्रीमती ल्याएर भारतमा बस्न थालेका छन् । कारागारबाट निस्कन पाए आफ्नो श्रीमान्को घरमा नजाने सोच बनाएकी हेमकला माइतीमै बसेर आफ्नै केही काम गरी आफू र बच्चाको ज्यान पाल्ने सोचमा छिन् । हेमकलाजस्तै पाल्पा कारागारमा सजाय भोगेका अधिकांश महिलाहरू कारागारबाट मुक्त भएपछि आफ्नो घर नजाने मनस्थितिमा छन् । कहींकतै केही काम गरेर बस्ने सोच बनाएका कारगारका महिलाहरूको एउटै गुनासो छ– जेलमा पर्दा भेट्न पनि नआउनेहरूको घरमा हामी किन जाने ? तर महिला शाखामा भएका ६ जना नाबालक बच्चाहरूले आफ्ना बाबुको बारेमा सोद्धा भने अधिकांश बन्दीहरूको मन पोल्ने गर्दछ ।

वि.सं. १९८३ सालमा राणाशासनका विरोधीहरूलाई तह लगाउन चन्द्रशमशेरको पालामा निर्माण गरिएको पाल्पा कारगारमा १६ वटा भवनहरू रहेका छन् । महिला शाखामा चार र पुरुष शाखामा १२ वटा घर भएको यस कारगारमा २ सय ५० जना कैदी राख्न सक्ने क्षमता भएको कुरा जेलर दुर्गादत्त ढकाल बताउँछन् । क्षमताको हिसाबले पश्चिमाञ्चलकै सबैभन्दा ठूलो कारागारको रूपमा परिचित यस कारागारमा हाल ३४ जना महिलाहरू र एक सय ३९ जना पुरुष बन्दी गरी १ सय ७३ जनाले बन्दीजीवन बिताइरहेका छन् भने ६ जना नाबालकहरूले बिनाअपराधको सजाय भोगिरहेका छन् । ७४ वर्षको लामो समयमा समेत खासै सुधार नभएको यस कारागारका अधिकांश भवनहरू निकै जीर्ण अवस्थामा पुगेका छन् । शुद्ध खानेपानी, शौचालय, ढलनिकास र मनोरञ्जनको उचित व्यवस्था नभएका कारण अधिकांश बन्दीहरू जेल परेपछि आफ्नो स्वास्थ्यमा ह्रास आएको बताउँछन् । त्यसमाथि महिला शौचालय बस्नै नमिल्ने गरी भत्किएपछि बन्दीहरूले बोराले बारेको अस्थाई शौलयलबाट काम चलाउन विवश भएका छन् । यसका अलावा पुराना चुहिने टिनका कारण पानी परेको बेलामा अधिकांश कैदीहरूले आफूलाई असुरक्षित भएको महसुस गर्ने गरेका छन् । महिला शाखामा भएका झ्यालका खापा र चौकोस भाँच्चिएका कारण बोराले झ्याल टालेर बसेका छन् ।

कारागारका महिलाहरूको दिनचर्चा आफ्नै खालको छ । घरेलु तथा साना उद्योग कार्यालय पाल्पा शाखाले राखिदिएको तानमा ढाका बुनेर केही महिलाहरूले अतिरिक्त आम्दानी गर्नुका साथै ढाका बुनेवापत वर्षको २ महिनाको दरले सजाय माफ हुने व्यवस्था रहेको छ । यसका अलावा जेलभित्रै भएको सानो करेसाबारीमा सागपात रोप्नु, लुँडो, क्यारेमबोर्ड खेल्नु र एकआपसमा गफ गरेर बस्नु नै उनीहरूको मुख्य दिनचर्या हो । चेलीबेटी बेचविखनमा ५ वर्ष पहिला जेल परेकी बुद्धमाया गुरुङ ८० वर्ष पुगेकी छन् । जेलभित्र नराम्रा काम गर्नेहरूलाई हप्काउने र सबैलाई अर्तीउपदेश दिने भएकाले महिला बन्दीहरूले गुरुङलाई जेलकी आमा भन्ने गर्दछन् । माया गुरुङको अर्ती उपदेश सुन्दा आफूले घरको आमासमेत बिर्सिएको बन्दी बालकुमारी थापा बताउँछिन्. । परिबन्दका कारण जेलमा परेको बताउने गुरुङलाई साँझ परेपछि भेडाबाखा थुने झैं सबै कैदीहरूलाई एकैठाउँमा थुन्ने चलन मन पर्दैन भने अहिलेसम्म मुद्दा फैसला नभएकोमा साह्रै दुःख लाग्दछ । बाहिर आफ्नो मान्छे कोही नभएकोले मुद्दा फैसला नभएको बताउने गुरुङसँग नेपाली नागरिकताको प्रमाणपत्र पनि छैन र उनले अहिलेसम्म वृद्धभत्तासमेत पाएकी छैनन् ।

कारागार शाखाले प्रत्येक दिन पत्रपत्रिकाहरू, टेलिभिजनको माध्यमबाट बाहिरको संसार हेर्ने अवसर बन्दी महिलाहरूले दिए पनि यो सुविधा सबैका लागि उपलब्ध हुन सकेको छैन । यसका अलावा प्रत्येक चाडवाडमा गरिने विभिन्न धार्मिक कार्यक्रम र नाचगानले पनि बन्दीहरूलाई थप मनोरञ्जन प्राप्त हुन सकेको छ ।

कारागारको प्रशासन शाखामा कार्यरत मुखिया रोमकान्त बस्याल प्रायः महिलाहरू जेलमा परेपछि उनीहरूका श्रीमान् अर्को विवाह गरेर बस्ने गरेको बताउँछन् ।

पाल्पा कारागारमा बन्दीजीवन बिताएका अधिकांश महिलाहरू जेलबाट छुटेर कहाँ जाने भन्ने ठेगान नभए पनि जेलबाट मुक्त हुन चाहन्छन् । त्यसैले उनीहरू छिटोभन्दा छिटो मुद्दा फैसला भएर जेलमा बस्नुपर्ने अवधि निश्चित होस् भन्ने चाहन्छन् । आफ्ना श्रीमान्ले अर्को विवाह गरी आफूलाई कुनै वास्ता नगरेका कारण जेलबाट छुटेर श्रीमान्को घरमा जाँदा आफूहरू घरेलु हिंसाको शिकार हुनुपर्ने कुरामा सचेत महिला बन्दीहरू आफ्नो अपराध स्वीकार्नुभन्दा परिबन्दीमा परेको भन्न मन पराउँछन् ।